खण्डः ०६ संख्याः ०१ मितिः २०८०/०७/२१

खडक नगरपालिका

# स्थानीय राजपत्र

खण्डः ०६ संख्याः ०१ मितिः २०८०/०७/२१

भाग-२

खडक नगरपालिका

## शिक्षक दरवन्दी मिलान कार्यविधि, २०८०

शिक्षक दरवन्दी मिलान कार्यविधि २०८०

खण्ड: ०६ संख्या: ०१ मिति: २०८०/०७/२१

खडक नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

कल्याणपुर, सप्तरी

मधेश प्रदेश

नेपाल

नेपालको संविधान तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (१) बमोजिम खडक नगरकार्यपालिकाले बनाएको तल लेखिए बमोजिमको शिक्षक दरवन्दी मिलान कार्यविधि, २०८० सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ।

भाग -०२

खडक नगरपालिका

# शिक्षक दरवन्दी मिलान कार्यविधि, २०८०

प्रस्तावनाः

प्रस्तावनाः खडक नगर क्षेत्रमा रहेका सबै सामुदायिक विद्यालयमा रहेको शिक्षक विद्यार्थी संख्याको गणितीय अनुपात बमोजिम विद्यालयमा शिक्षकको व्यवस्था गर्न वाञ्छनीय भएकोले खडक नगरपालिकाके नगरकार्यपालिकाले स्थानीय सरकार सञ्चालन ऐन २०७४ को परिच्छेद ३ को दफा (११) ज. ११ ले दिएको अधिकार बमोजिम यो शिक्षक दरवन्दी मिलान कार्यविधि बनाइएको छ।

परिच्छेद-१

प्रारिम्भक संक्षिप्त नाम र परिभाषा

१. संक्षिप्त नाम, विस्तार र प्रारम्भ

(क) यस कार्यविधिको नाम शिक्षक दरवन्दी मिलान कार्यविधि २०८० रहेको छ।

(ख) यो कार्यविधि खडक नगरपालिका भर लागू हुनेछ।

(ग) यो कार्यविधि स्थानीय राजपत्रमा प्रकाशन भएपछि लागू हुनेछ।

२. परिभाषाः विषय वा प्रसङ्गले अकोए अर्थ नलागेमा यस कार्यविधिमा

(क) "नगरपालिका" भन्नाले खडक नगरपालिका बुभनु पर्नेछ।

(ख) "प्रमुख" भन्नाले खडक नगरपालिकाको नगर प्रमुख लाई बुभनु पर्नेछ।

(ग) "उप प्रमुख" भन्नाले खडक नगरपालिकाको उप प्रमुख लाई बुभनु पर्नेछ।

(घ) "कार्यपालिका" भन्नाले खडक नगरपालिकाको नगर कार्यपालिकालाई सम्भनु पर्छ।

(ङ) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले खडक नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृत लाई सम्भनु पर्छ।

(च) "नगर शिक्षा समिति" भन्नाले खडक नगरपालिकाको नगर शिक्षा समिति लाई सम्भनु पर्छ।

(छ) "दरवन्दी मिलान" भन्नाले स्वीकृत दरबन्दीमा रहेका स्थायी, अस्थायी शिक्षक र त्यस्ता दरबन्दीमा रहेका सबै खाले सट्टा शिक्षक, अस्थायी बढुवाका शिक्षक, शिक्षक अनुदान कोटा (राहत) मा रहेका शिक्षक, स्वयंसेवक शिक्षक, निजि स्रोतमा कार्यरत शिक्षक, अपाङ्ग शिक्षक, महिला परियोजनामा रहेका शिक्षक र यस्तै अन्य स्केलअनुसार अनुदानको तलब भत्ता पाउने शिक्षक लाई सम्भनु पर्छ।

(ज) नियमावली" भन्नाले नगर शिक्षा नियमावली, २०८० (पहिलो संशोधन) बुभनु पर्छ।

(झ)"तह" भन्नाले विद्यालयको तह बुभनु पर्नेछ।

(ञ) "सामुदायिक विद्यालय" भन्नाले सामुदायको पहलमा स्थापना गरिएको नाफारहित प्रकृतिको नेपाल सरकारबाट नियमित रुपमा अनुदान पाउने गरी अनुमति वा स्वीकृतिप्राप्त विद्यालय सम्झनु पर्छ।

(ट) "नगर शिक्षा प्रमुख" भन्नाले नगरपालिकाभित्र स्थानीय तहको शिक्षा सञ्चालन, व्यवस्थापन, नियमित, अनुगमन र मूल्याङकन गर्ने तथा ऐन बमोजिम तोकिएका कार्य गर्न नेपाल सरकारले खटाएको शिक्षा, युवा तथा खेलकुद शाखाको वरिष्ठतम कर्मचारी बुझ्नु पर्नेछ।

(ठ) "शिक्षक" भन्नाले विद्यालयको अध्यापक सम्झनु पर्छ र सो शब्दले प्रधानाध्यापक समेतलाई जनाउँछ।

(ड) "विद्यालयको समायोजन" भन्नाले विद्यालय गाभ्ने वा ठाउँ सार्ने वा नाम परिवर्तन गर्ने वा बन्द गर्ने कार्य वा तह वा कक्षा घटाउने बुझ्नु पर्छ।

(ढ) "विद्यालय व्यवस्थापन समिति" भन्नाले खडक नगरपालिका क्षेत्र भित्रका विद्यालयका विद्यालय व्यवस्थापन समितिलाई सम्झनु पर्छ।

(ण) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यस कार्यविधि अन्तर्गत बनेका नियम वा कार्यविधिमा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ।

## परिच्छेद-२
## विवरण अद्यावधिक

१. विवरण अध्यावधिक गर्ने : (१) विद्यालयको कक्षागत विद्यार्थी तथा कार्यरत शिक्षकहरुको विवरण अध्यावधिक गर्नुपर्ने छ। विवरण अद्यावधिक गर्दा लगत्तै पछिल्लो शैक्षिक सत्रको अन्तिम वार्षिक परीक्षामा सम्मिलित कक्षागत विद्यार्थी संख्या र विद्यालयमा स्वीकृत दरबन्दी तथा राहत दरबन्दी लगायत सरकारी अनुदानबाट तलब खाने गरी शिक्षक छनौट प्रकिया पूरा गरी आएका हाल कार्यरत स्थायी, अस्थायी शिक्षकहरुको विवरण अद्यावधिक गर्नुपर्नेछ। अवधि तोकी काजमा रहेका शिक्षकको हकमा जुन विद्यालयबाट तलबभत्ता पाउँदछन्। सोही विद्यालयको शिक्षक गणना गर्नुपर्नेछ। अवधि नतोकेकोमा दरबन्दी जुन विद्यालयमा रहेको छ सोही विद्यालयमा गणना गर्नुपर्नेछ।

२. विद्यालयगत शिक्षक विद्यार्थी अनुपात निकाल्ने : (१) विद्यालयगत शिक्षक विद्यार्थी अनुपात निकाल्दा ५० जना विद्यार्थी बराबर एक जना शिक्षक मानी अनुपात निकाल्नु पर्ने छ।

## परिच्छेद-३

## विद्यालयगत रुपमा आवश्यक शिक्षक व्यवस्था गर्दा लिइने आधारहरु

३.१ कक्षा १-३ सञ्चालन भएका सामुदायिक विद्यालयमा जतिसुकै न्यून विद्यार्थी सङ्ख्या रहेपनि न्यूनतम २ ओटा दरबन्दी कायम गर्ने।

३.२ खण्ड ३.१ बमोजिमको विद्यालयमा एकसट्ठी ६१ जना विद्यार्थी वा सो भन्दा बढी भएमा र हाल विद्यालयमा ३ ओटा दरबन्दी कायम रहेको भए ३ (तीन) ओटै दरबन्दी कायम गर्ने। तर त्यस्तो विद्यालयमा

१५० (एक सय पचास) जना विद्यार्थी नपुगेसम्म थप दरबन्दी वा शिक्षक अनुदान प्रदान नगर्ने । सो भन्दा माथि शिक्षक विद्यार्थी अनुपातका आधारमा खडक नगर शिक्षा नियमावली अनुसार कायम गर्ने ।

३.३ कक्षा १-५ सञ्चालन भएका सामुदायिक विद्यालयमा जतिसुकै न्यून विद्यार्थी सङ्ख्या भएपनि न्यूनतम ३ (तीन) ओटासम्म दरबन्दी (स्वीकृत वा राहत कोटा वा नगरपालिका अनुदानको शिक्षक) कायम गर्ने।

३.४ खण्ड ३.३ बमोजिमको विद्यालयमा विद्यार्थी सङ्ख्या १२० देखि १४९ सम्म भई ३ जना शिक्षक कार्यरत रहेको (स्वीकृत दरबन्दी वा राहतको कोटा वा नगरपालिका अनुदानको शिक्षक) अवस्थामा ३ ओटा दरबन्दी कायम गर्ने ।

३.५ खण्ड ३.३ बमोजिमको विद्यालयमा विद्यार्थी सङ्ख्या १५० जना वा सो भन्दा बढी भई त्यस विद्यालयमा ५ जनासम्म दरबन्दी रहेको भए ४ वटा दरबन्दी मात्र कायम गर्ने । तर त्यस्तो विद्यालयमा २५० जनाभन्दा बढी विद्यार्थी नपुगेसम्म त्यस्ता विद्यालयमा ५ जना भन्दा बढी शिक्षक हुने गरी थप दरबन्दी वा शिक्षक अनुदान प्रदान नगर्ने । सो भन्दा माथि शिक्षक विद्यार्थी अनुपातका आधारमा खडक नगर शिक्षा नियमावली अनुसार कायम गर्ने ।

३.६ कक्षा १-८ सञ्चालन भएका सामुदायिक विद्यालयमा जतिसुकै न्यून विद्यार्थी रहेपनि न्यूनतम ७ जना (प्रा.वि. ३ जना र नि.मा.वि. ४ जना ) शिक्षक दरबन्दी (स्वीकृत वा राहत कोटा वा नगरपालिका अनुदानको) कायम गर्ने ।

३.७ खण्ड ३.६ बमोजिमको विद्यालयमा २४० वा सो भन्दा बढी विद्यार्थी सङ्ख्या भई प्रा.वि. र नि.मा.वि. तहमा गरी ६ ओटा सम्म दरबन्दी कायम रहेको भए यथावत् रहन दिने नत्र भन्ने कट्टा गर्ने तर ४०० जनाभन्दा बढी विद्यार्थी नपुग्दासम्म थप दरबन्दी वा शिक्षक अनुदान प्रदान नगर्ने । सोभन्दा माथि शिक्षक विद्यार्थी अनुपातका आधारमा खडक नगर शिक्षा नियमावली अनुसार कायम गर्ने ।

३.८ कक्षा ९-१० सञ्चालन भएका सामुदायिक विद्यालयमा जतिसुकै न्यून विद्यार्थी सङ्ख्या भएपनि न्यूनतम ९ ओटासम्म (दरबन्दी वा राहत वा नगरपालिका अनुदान) शिक्षक दरबन्दी कायम गर्ने । सोभन्दा शिक्षक सङ्ख्या थप वा घट गर्नु पर्दा विद्यार्थी संख्याको आधारमा शिक्षा नियमावली अनुसार कायम गर्ने ।

३.९ कक्षा ९-१२ सञ्चालन भएका सामुदायिक विद्यालयमा जतिसुकै न्यून विद्यार्थी सङ्ख्या भएपनि न्यूनतम १२(८ जोड ४) ओटासम्म दरबन्दी (स्वीकृत वा राहत कोटा वा नगरपालिका अनुदान) कायम गर्ने ।

३.१० खण्ड ३.९ बमेजिमभन्दा वढी शिक्षक दरबन्दी (स्वीकृत वा राहत कोटा वा नगरपालिका अनुदान) थप गर्नुपर्दा उच्च माध्यमिक शिक्षक दरबन्दी थप्नको लागि तयार भएको निर्देशिका अनुसार जिल्लामा प्राप्त कोटाको आधारमा गर्ने ।

३.११ कक्षा ६-१० सञ्चालन भएका सामुदायिक विद्यालयमा जतिसुकै न्यून विद्यार्थी भएपनि न्यूनतम ९ (निमावि ४ र मावि ५ जना)दरबन्दी (स्वीकृत वा राहत वा नगरपालिक दरबन्दि) कायम गर्ने ।

३.१२ खण्ड ३.११ बमेजिमभन्दा बढी दरबन्दी थप गर्नुपर्दा खडक नगरपालिका क्षेत्रका विद्यालयमा २५० विद्यार्थी नपुग्दासम्म तहगतरुपमा दरबन्दी नथप्ने । सो भन्दा माथि शिक्षक विद्यार्थी अनुपातका आधारमा शिक्षा नियमावलीअनुसार कायम गर्ने ।

३.१३ कक्षा ६-१२ सञ्चालन भएका सामुदायिक विद्यालयमा जतिसुकै न्यून विद्यार्थी भएपनि न्यूनतम १२ (निमावि ४ र मावि ५, उमावि ३ )दरबन्दी (स्वीकृत वा राहत वा नगरपालिका अनुदान) कायम गर्ने ।

३.१४ खण्ड ३.१३ बमेजिमभन्दा बढी दरबन्दी थप गर्नुपर्दा खडक नगरपालिका क्षेत्रका विद्यालयमा ४०० विद्यार्थी नपुग्दासम्म तहगतरुपमा दरबन्दी नथप्ने । सो भन्दा माथि शिक्षक विद्यार्थी अनुपातका आधारमा खडक नगर शिक्षा नियमावलीअनुसार कायम गर्ने ।

## परिच्छेद-४

## दरबन्दी मिलानका थप प्रकिया र आधारहरु

४. दरबन्दी मिलानको कममा अपनाउने थप प्रक्रिया तथा आधारहरु

(क) नगर शिक्षा नियमावलीले तोके बमोजिम न्यूनतम विद्यार्थी सङ्ख्या र विषयका आधारमा तोकिएको न्यूनतम शिक्षक सङ्ख्या हाल रहन दिने ।

(ख) न्यूनतम विद्यार्थी सङ्ख्या कायम गर्दा नगर शिक्षा नियमावलीअनुसार तोकिएको विद्यार्थी सङ्ख्याको न्यूनतम ५० प्रतिशत विद्यार्थी हुनु पर्ने । त्यसभन्दा कम विद्यार्थी सङ्ख्या भएमा त्यस्ता विद्यालयहरुलाई तह वा कक्षा घटाउने वा समायोजन तर्फ लैजाने व्यवस्था मिलाउने ।

(ग) हालको लागि खण्ड ४(ख) मा उल्लेख भएको विद्यार्थी सङ्ख्या न्यूनतम विद्यार्थी सङ्ख्याको रुपमा तोकिए पनि विद्यार्थी सङ्ख्या बढाई शिक्षा नियमावलीअनुसार पुऱ्याउनु पर्ने ।

(घ) भौगोलिक विकटताको कारणले अप्ठेरो ठाउँमा रहेको र मर्ज गर्न नसकिने विद्यालयहरुमा बहुकक्षा शिक्षण पद्धति बमोजिम शिक्षण गराउने व्यवस्था मिलाउने ।

(ङ) कुनै विद्यालयमा दरबन्दी खाली भएको अवस्थामा दरबन्दी मिलान कार्य नहुँदासम्म विद्यार्थी सङ्ख्या कम र शिक्षक सङ्ख्या बढी भएका विद्यालयमा शिक्षक नियुक्ति सम्बन्धी प्रकिया रोक्का गर्ने र त्यस्तो दरबन्दीलाई नगर शिक्षा समितिको पुल दरबन्दीमा ल्याई दरबन्दी मिलान गर्दा आवश्यक ठाउँमा वितरण गर्ने। तर जुन विद्यालयमा शिक्षक पदपूर्ति नभएको कारणले विद्यालय नै बन्द हुने या कुनै विषयको पठनपाठन नै हुन नसकि बाधा उत्पन्न हुने अवस्था भएमा नगरपालिकाले शिक्षा विकास तथा समन्वय इकाइबाट अनुमति लिई शिक्षक नियुक्ति लागि प्रकिया अगाडि बढाउन अनुमति दिने व्यवस्था मिलाउने ।

## परिच्छेद-५

## दरबन्दी मिलानपछिको शिक्षक व्यवस्थापन

५. अपाङ्ग शिक्षकको हकमा अपाङ्गताको प्रकृति हेरी विद्यालयबाट कोटा कट्टी हुँदा निजहरुले चाहेको विद्यार्थी शिक्षक अनुपात बढी भएका विद्यालयमा काममा खटाउने व्यवस्था गर्ने ।

६. शिक्षकलाई अन्य विद्यालयमा काममा खटाउँदा विद्यार्थी सङ्ख्याको आधारमा सबैभन्दा बढी विद्यार्थी भएका विद्यालयका सम्बन्धित तहमा खटाउने गरी क्रमशः विद्यालयहरुलाई सम्बोधन गर्ने ।

७. सर्वप्रथम सम्बन्धि वडा एवं नजिकको वडाका विद्यालयमा स्थानको उपलब्धता तथा स्नातक उत्तीर्ण शिक्षकलाई माध्यमिक विद्यालयमा र स्नातकोत्तर उत्तीर्ण शिक्षकलाई सकेसम्म कक्षा ११ र १२ चलिरहेको माविमा पठाउने व्यवस्था गर्ने ।।

८. दरबन्दी मिलान कार्य सम्पन नगर्दासम्म रिक्त पदमा नियुक्ति र सरुवाका लागि अनुमति रोक्का गर्ने र शिक्षण व्यवस्थापन अनुदान समेत वितरण नगर्ने । नियुक्ति र सरुवाको अनुमति रोक्का भएपछि कुनै विद्यालयमा शिक्षक दरबन्दी रिक्त हुन गएमा यदि सो विद्यालयमा विद्यार्थी शिक्षक अनुपातअनुसार दरबन्दी बढी छ भने दरबन्दी मिलान नगर्दासम्म नयाँ नियुक्ति गर्न अनुमति नदिने र सरुवा गरेर पनि पदपूर्ति नगर्ने । उक्त पद दरबनदीलाई आवश्यक विद्यालयमा काजमा राख्न सकिने ।

९. दरबन्दी नभएको विद्यालयमा मिलानपछि शिक्षक व्यवस्था गर्नु परेमा सरुवा भएकै विद्यालयबाट तलब भत्ता खाने गरी पदस्थापना तथा सरुवागर्ने ।

१०. शिक्षक दरबन्दी मिलानका लागि खटाउदा फिडर प्राबि तथा लिडर माविको अवधारणा अनुसार विद्यालय नक्साङ्कनको आधारलाई समेत ख्याल राखी विद्यालयहरुमा खटाउन सिफारिस गर्ने ।

११. दरबन्दी मिलानक कार्यअवधिमा शिक्षा मन्त्रालय वा शिक्षा तथा मानव स्रोत विकास केन्द्रबाट शिक्षक दरबन्दी मिलान सम्बन्धी कुनै नीति नियम निर्देशन वा कार्यविधि जारी भएमा सोही अनुसार गर्ने गराउने ।

## परिच्छेद -६

## दरबन्दी मिलान कार्यदलको गठन

१. दरबन्दी मिलान कार्य गर्नका लागि दरबन्दी मिलान कार्यदलको गठन गर्न सकिनेछ। दरबन्दी मिलान समितिका पदाधिकारीहरु देहाय बमोजिम रहनेछन् :

क. नगर शिक्षा प्रमुख-संयोजक

ख. नगर प्रमुखबाट मनोनित नगरकार्यपालिका सदस्य मध्येबाट एक जना-सदस्य

ग. नेपाल शिक्षक महासङ्घको नगर अध्यक्ष मध्येबाट एक जना-सदस्य

घ. नगर प्रमुखबाट मनोनित नगर क्षेत्रका सामुदायिक माध्यमिक विद्यालयका प्रधानाध्यापक १ र शिक्षक १ जना गरी जम्मा २ जना - सदस्य

ङ. नगर क्षेत्रका सामुदायिक आधाभूत विद्यालयका प्रधानाध्यापक-सदस्य

च. वडा अध्यक्षहरु मध्ये चार जना – सदस्य

छ. नगर शिक्षा समितिले तोकेको प्र.अ. मध्ये एक जना नि.मा.शि.-सदस्य-सचिव

२. शिक्षा, युवा तथा खेलकुद शाखाका तथ्याङ्क हेर्ने सहायक कर्मचारी तथा अन्य दुई जना जिम्मेवार पदाधिकारी वा कर्मचारीलाई बैठक र अन्य कार्यमा आमन्त्रित गर्न सकिनेछ ।

३. समितिको सचिवालय नगरपालिकाको शिक्षा युवा तथा खेलकुद शाखामा रहनेछ ।

४. समितिको सचिवालयका लागि आवश्यक पर्ने स्टेसनरी तथा कम्प्युटर सम्बन्धी कामका लागि आवश्यक पर्ने बजेट रकम तथा समितिका पदाधिकारीहरुको बैठक भत्ता लगायतका सुविधाका लागि आवश्यक पर्ने बजेट रकम नगर कार्यपालिकाले व्यवस्था गर्नेछ ।

५. दरबन्दी कार्यदलको काम कर्तव्य र अधिकार

क. शिक्षक दरबन्दी मिलानका लागि विद्यालयगत मौजुदा शिक्षक सङ्ख्या, दरबन्दी मिलानपछि कायम हुने शिक्षक सङ्ख्या र थप दरबन्दीका लागि पुग्नुपर्ने न्युनतम विद्यार्थी सङ्ख्या एकीन गर्ने ।

ख. शिक्षकहरुबाट भरिएर आएका विद्यालय छनौट फारामहरु विश्लेषण गर्ने र विद्यालयहरुमा तहगत तथा विषयगत रुपमा शिक्षक दरबन्दी मिलान गर्न खटाइने विद्यालय र शिक्षकको नामावली विवरण सहित सिफरिस गर्ने ।

ग. नगरपालिकाले दिइएका निर्देशन बमोजिम अन्य कार्यहरु गर्ने ।

## परिच्छेद-७

## विविध:

१. कार्यविधिको व्याख्या: यस कार्यविधिमा उल्लिखित कुनै विषयमा द्विविधा उत्पन्न भएमा वा अस्पष्टता रहेमा त्यसको अन्तिम व्याख्या नगरकार्यपालिकाले गर्नेछ ।

२. कार्यविधि संसोधन: यस कार्यविधिका प्रावधानहरुमा नगरकार्यपालिकाले आवश्यक संसोधन गर्न सक्नेछ ।

३. बाधा अड्चन फुकाउ: स्थानीय सरकार सञ्चालन ऐन, २०८० र यस कार्यविधिमा व्यवस्था भए बाहेकका विषयमा नीतिगत निर्णय गर्न आवश्यक भएमा त्यस्तो निर्णय नगरकार्यपालिकाले गर्नेछ ।

प्रमाणिकरण मिति : २०८०/०७/२१

आज्ञाले,

..........................

हरेन्द्र कुमार श्रेष्ठ

(प्रमुख प्रशासकीय अधिकृत)